कार्यक्रम/परियोजना संक्षिप्त प्रतिवेदन २०६४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

भूमिका

काठमाडौं कालिमाटीका ठेलागाडा मजदूरहरूलाई आधारभूत मानवअधिकार र मजदूर अधिकारका विषयमा जनचेतना फैलाउने उद्देश्यका साथ झण्डै दुई दशक अगाडि स्थापित यस संस्थाले हाल प्रभावकारी ढङ्गले राष्ट्रव्यापीरूपमा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। देशमा मानवअधिकार र सामाजिक न्याय स्थापनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म बहस तथा पैरवीजस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको यस संस्थाले यस अवधिमा केही ऐतिहासिक महत्वका कामहरू समेत गरेको छ। त्यसैगरी यो संस्थाले आफ्नो स्थापनाकालदेखि नै ग्रामीण तहका जनताहरूबीच आधारभूत मानवअधिकार तथा कानुनी अधिकारका बारेमा समेत संचेतना अभियान सञ्चालन गर्दै आइरहेको छ।

इन्सेकको पाँचै विकास क्षेत्रमा क्षेत्रीय कार्यालय रहेका छन् भने हाल ४० जिल्लामा सहकर्मी संस्थाहरू रहेका छन्। त्यसैगरी देशका ७५ जिल्लामा इन्सेक प्रतिनिधिहरू छन्। यिनै माध्यमबाट इन्सेकले ग्रामीण तहदेखि जिल्ला र क्षेत्रसम्म आफ्ना कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयन गर्ने गर्दछ भने केन्द्रीय कार्यालयले केन्द्रीय स्तरका कार्यक्रमहरूको कार्यान्वयन गर्नुका साथै सम्पूर्ण कार्यक्रम तथा परियोजनाहरूको आन्तरिक योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि गर्दछ।

यो प्रतिवेदनमा आर्थिक वर्ष ०६२/०६३ देखि ०६३/०६४ सम्म सञ्चालित कार्यक्रमहरूको बारेमा संक्षिप्त परिचय, कार्यक्रमका लक्षित

वर्ग, कार्यक्रम सञ्चालित क्षेत्र तथा कार्यक्रमका उपलब्धिहरूको बारेमा जानकारी गराउने प्रयास गरिएको छ। यो अवधिमा भएको आय व्ययको विवरण पनि यस प्रतिवेदनमा समेटिएको छ।

त्यसका साथसाथै, इन्सेकको नयाँ तीन वर्षे (०६४/०६५ देखि ०६६/०६७) कार्यक्रमहरूको संक्षिप्त परिचय, उद्देश्य, लक्षित वर्ग, सञ्चालित क्षेत्र तथा अपेक्षित उपलब्धिहरूको बारेमा जानकारी गराइएको छ। इन्सेकले सञ्चालन गरेका कार्यक्रम तथा परियोजनाहरूको वार्षिक कार्यक्रमिक तथा आर्थिक विवरण इन्सेक वार्षिक प्रतिवेदनमार्फत आ. व. ०४८/०४९ सालदेखि नियमित रूपमा सार्वजनिक गर्दै आइरहेको छ।

इन्सेकद्वारा विगत दुई वर्षको अवधिमा सम्पन्न गरिएका परियोजनाहरू तथा हाल सञ्चालित परियोजनाहरूको संक्षिप्त परिचय, दातृ निकाय, परियोजना अवधि तथा परियोजना सञ्चालित क्षेत्रको बारेमा यस प्रतिवेदनले छोटकरीमा जानकारी गराउने प्रयास गरेको छ।

यो प्रतिवेदन तयारीमा संलग्न इन्सेकका निर्देशक विजयराज गौतम, वर्षपुस्तक इकाईका वरिष्ठ अधिकृत योगीश खरेल, योजना, अनुगमन तथा मूल्याङ्कन इकाईका वरिष्ठ अधिकृत पोषराज अधिकारी, अधिकृतद्वय दिनेश खनाल र सुस्मिता शर्मा तथा डेस्कटप अधिकृत गीता मालीलाई धन्यवाद दिन चाहन्छु।

सुबोधराज प्याकुरेल

अध्यक्ष

इन्सेकका केही उल्लेखनीय क्रियाकलापहरु

क) जनआन्दोलन-दुईमा इन्सेकको सहभागिता

राजा ज्ञानेन्द्रले देशको शासन आफ्नो हातमा लिएको झण्डै चौध महिनापछि निरङ्कुसता विरुद्ध सात राजनीतिक दल र नेकपा (माओवादी) बीचको समझदारी अनुसार ०६२ चैत्र २४ गतेदेखि देशमा शान्तिपूर्ण जनआन्दोलनको सुरुवात भयो। यस जनआन्दोलनलाई इन्सेकले सक्रिय रूपमा अनुगमन गर्ने निर्णय गर्दै हरेक दिन इन्सेकका सम्पूर्ण कर्मचारीलगायत स्वयम् अध्यक्ष पनि इन्सेकको लोगो अङ्कित निलो ज्याकेट लगाएर जनआन्दोलनको अनुगमनमा सरिक रहेका थिए। त्यसैगरी अनुगमनका क्रममा भएका मानवअधिकार उल्लंघन तथा ज्यादतीका विषयमा कार्यालयमा रहेर हरेक क्षण ताजा जानकारी तथा सूचनाहरूलाई अनलाइनको माध्यमले चुस्त-दुरुस्त राख्ने कामसमेत सँगसँगै भएको थियो।

सुरुमा आन्दोलन चार दिनका लागि भनेर सुरु गरिएको भए तापनि आन्दोलन लगातार १९ दिनसम्म जारी रह्यो। इन्सेकले आफ्ना योजनामा भएका सम्पूर्ण काम कारबाहीहरूलाई थाति राख्दै जनआन्दोलनको अनुगमन गर्ने निर्णय गऱ्यो। उक्त दौरानमा सरकारले नियमित कर्फ्यू लगाएर जनआन्दोलनलाई दबाउने काम गरे पनि इन्सेकले कर्फ्यूको समयमा कर्फ्यू पास लिएर सक्रिय रूपमा जनआन्दोलनको अनुगमन गर्ने काम जारी राख्यो। इन्सेकले विशेष गरेर जनआन्दोलनको समयमा नागरिकहरूको मानवअधिकार-को सुरक्षाको विषयलाई केन्द्रविन्दु बनाएर अनुगमनमा जाने निर्णय गरे तापनि जनआन्दोलनका घाइतेहरूलाई तत्काल प्राथमिक उपचार कक्षमा

पुऱ्याउने तथा गम्भीर घाइते हरूलाई आफ्नो गाडीमा राखेर स्वास्थ्य संस्थासम्म पुऱ्याउने जस्ता महत्पूर्ण काममा पनि लागिरह्यो। कर्फ्यूको समयमा कर्फ्यू पास नपाँउदा समेत ०६३ वैशाख ७ गते कलंकीमा भएको गोलीकाण्डका घाइतेहरूलाई इन्सेकको सवारी साधनमा राखेर अस्पतालसम्म लैजाने कार्य भएको थियो। अन्ततः १९ दिने जनआन्दोलनको सफलतासँगै देशमा लोकतन्त्रको पुनः उदय भयो।

जनआन्दोलनमा इन्सेकले विशेषगरी पाँचवटा कार्यमा ध्यान दिएको थियो।

- जनआन्दोलनको अवलोकन/अनुगमन
- प्रेस वक्तव्य तथा अर्जेन्ट एक्सन जारी
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पैरवी
- घाइतेहरूको आकस्मिक उद्धार तथा सहयोग
- सूचना संकलन तथा प्रसार

जनआन्दोलनको १९ दिनका घटनाहरूलाई समेटेर इन्सेकले Jana Aandolan-II A witness Account नामको पुस्तक समेत प्रकाशन गऱ्यो। उक्त पुस्तकमा १९ दिनमा भएका मानवअधिकार उल्लंघनका प्रमुख घटनाहरू, शहीदको परिचय तथा घाइतेहरूको नामावली जस्ता विषयवस्तु समेटिएका छन्। साथै, आन्दोलनका घाइतेहरूको परिचयपत्र बनाउने कार्यमा उक्त पुस्तक सन्दर्भ सामग्रीको रूपमा प्रयोग भइरहेको पाइएको छ।



ख) प्रथम दक्षिण एशियाली-मानवअधिकार रक्षक मञ्चको कार्यशाला गोष्ठी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र फोरम एशियाको संयुक्त आयोजनामा २३ देखि २५ जेठ ०६३ सम्म तीन दिने "प्रथम दक्षिण एशियाली मानवअधिकार रक्षक मञ्च" विषयक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। उक्त कार्यशाला गोष्ठीमा दक्षिण एशियाका कूल ६० जना मानवअधिकार रक्षकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्रममा मानवअधिकार रक्षकहरूले सामना गर्नु परेको चुनौती र कठिनाइहरूको बारेको छलफल गरिएको थियो। कार्यक्रममा द्वन्द्व रूपान्तरण, शान्ति स्थापना, जातीय विभेद, सार्क र मानवअधिकार रक्षक, मानवअधिकार आयोग, शान्ति तथा पुनर्निर्माण आयोग जस्ता विषयमा पनि छलफल गरिएको थियो।

कार्यक्रमको अन्त्यमा उक्त मञ्चले धुलिखेल घोषणा जारी गरेको थियो। धुलिखेल घोषणापत्रमा मानवअधिकार उल्लंघनका घटनाहरू नै द्वन्द्वका कारणहरू हुन्। यसै परिप्रेक्ष्यमा द्वन्द्व रूपान्तरण र शान्ति स्थापनाका लागि मानवअधिकार उल्लंघनको रोकथाम हुनु जरुरी छ। तसर्थ वर्तमान सन्दर्भमा द्वन्द्व रूपान्तरण र शान्ति स्थापनाका लागि मानवअधिकार रक्षकहरूको भूमिका महत्वपूर्ण हुन जान्छ। यसका लागि मानवअधिकार रक्षकहरूले द्वन्द्व पीडितहरूको जरुरी आवश्यकताहरू यथाशीघ्र सम्बोधन गर्न पहल गर्नु पर्दछ भन्ने कुरामा जोड दिइएको थियो।

ग) अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय अभियान

अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय अभियान, अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय सञ्जालको स्थापना सँगै सशक्त भएको छ। यस अभियानको मुख्य उद्देश्य नेपाल सरकारद्वारा रोम विधान अनुमोदनका लागि सहजीकरण गर्नु हो र उक्त अभियानमा इन्सेकले संयोजकको रूपमा काम गर्दै आइरहेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय अभियानको सञ्जालका तर्फबाट इन्सेकका महासचिव कुन्दन अर्यालको नेतृत्वमा गएको टोलीले सभामुख सुवासचन्द्र नेम्वाङ्गसमक्ष ज्ञापनपत्र बुझाएको थियो। संसद पुनर्स्थापनासँगै मानवअधिकार संस्थाहरूले राजनीतिक दलहरू र सांसदहरूसमक्ष संयुक्त राष्ट्रसंघको विभिन्न घोषणपत्रहरू अनुमोदनका लागि आग्रह गरेका थिए र त्यस लगतै उक्त प्रस्ताव पारित गर्न सर्वसम्मत निर्णय भएको थियो। रोम विधान अनुमोदन गरी दण्डहीनताको अन्त्य गर्न र सामाजिक न्यायको प्रत्याभूति दिलाउन पुनर्स्थापित संसदले नेपाल सरकारलाई निर्देशन दिएको छ।

घ) मानवअधिकार नेतृत्व विकास तालिम

स्थानीय स्तरमा मानवअधिकार कार्यकर्ताहरूको उपस्थिति गराउन र मानवअधिकारका मुद्दाहरू उठान गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गराउने मुख्य उद्देश्यले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले 'द एशिया फाउण्डेशन' को सहयोगमा ०६३ साल पुस महिनादेखि तीन महिनाको लागि "**मानवअधिकार विद्यालय**" सुरुवात गरेको थियो। उक्त विद्यालयमा देशका २४ जिल्लाका २४ जना मानवअधिकार कार्यकर्ता सहभागी रहेका थिए।

तीन महिने तालिमको दौरानमा सहभागीहरूलाई मानवअधिकार,

संयुक्त राष्ट्रसंघीय पद्धति, अन्तर्राष्ट्रिय मानवीय कानुन, अन्तर्राष्ट्रिय फौजदारी अदालत, मानवअधिकारको दृष्टिकोणमा विश्व राजनीतिक पद्धति, संविधान र मानवअधिकार, शान्ति, विकास र विश्वव्यापीकरण, नेपालमा मानवअधिकारको सुरुवात, मानवअधिकार अनुगमन र अभिलेखिकरण, संस्थागत व्यवस्थापन तथा परियोजना व्यवस्थापन जस्ता मूल विषयहरूमा प्रशिक्षण दिइएको थियो। त्यसैगरी सबै सहभागीहरूलाई एक महिनाका लागि स्थलगत अध्ययनमा विभिन्न जिल्लामा पठाइएको थियो।

उक्त तालिमको ०६३ चैत २५ गते एक समारोहका बीच समापन गरिएको थियो। तालिमका सहभागीहरूलाई नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय प्रमुख लेना सुन्धले प्रमाणपत्र प्रदान गर्नुभएको थियो। प्रमाणपत्र प्रदान गर्दै उच्चायुक्त सुन्धले तालिम लिएका सहभागीहरूले नेपालमा जरा गाडेर रहेको भेदभावको अन्त्य गर्ने चुनौतीपूर्ण कार्यको लागि यो गदान पुऱ्याउन सक्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा बोल्दै सुन्धले नेपालको विविधतालाई वास्तविकरूपमा प्रतिविम्बित गर्न राज्यको पुनर्संरचना गर्ने कुरा रातारात सम्भव नहुने बताउनु भयो। कानुनी व्यवस्थाको मजबुती तथा विगतमा भएका मानवअधिकार उल्लंघनका लागि दण्डहीनताको अन्त्य गर्नेलगायतका अन्य क्षेत्रमा, यथार्थमा मानवअधिकारको अझ ठूलो सम्मानमा योगदान पुऱ्याउने उपायहरू तत्काल अपनाउन सकिनेमा उनले जोड दिनुभयो। कार्यक्रममा तालिमका सहभागीहरू ओफिलाल ओखडा र इन्द्रकुमारी क्षेत्रीले तालिम प्रभावकारी रहेको बताउँदै मानवअधिकारको सम्बर्द्धन र प्रबर्द्धनमा लाग्ने प्रतिवद्धता जाहेर गर्नुभएको थियो।

ङ) इन्सेक आन्तरिक अध्ययनसत्र

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नियमित कार्यक्रम अन्तर्गत ०६४ वैशाख २३-२६ सम्म इन्सेक परिवारको सहभागितामा आन्तरिक अध्ययनसत्रको आयोजना गरेको थियो। कार्यक्रमको मुख्य उद्देश्य संस्थागत विकास, कार्यक्रममा आधारित क्रियाकलाप, संस्थागत रणनीति तथा देशको बदलिँदो परिस्थितिसँगै आवश्यक कदमहरूको बारेमा गहन छलफल गर्नु रहेको थियो।

अध्ययनसत्रको आरम्भसँगै, समसामयिक विषयहरू पहिचान गरिएका थिए। जसमा सम्बन्धित व्यक्तिहरूले आफ्ना विचार राख्नु भएको थियो। कार्यक्रममा संविधानसभाको चुनाव, संयुक्त राष्ट्रसंघीय संस्थाहरूको सम्भावित भूमिका र तिनीहरूसँग सम्भावित साझेदारीका बाटाहरू, विशेषगरी मधेशी समावेशीका सवालहरू र राज्य पुनर्संरचनाका अपेक्षा र चुनौतीहरूजस्ता विषयहरूमाथि छलफल गरिएको थियो।

कार्यक्रमका वक्ताहरूमा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल, संविधानविज्ञ सूर्य ढुङ्गेल, विद्यार्थी नेता गगन थापा, नेपाली कांग्रेसका नेता नरहरि आचार्य, नेकपा (एमाले) का नेता जीतेन्द्र देव, संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयका प्रतिनिधि अलि सलिम तथा इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल रहनु भएको थियो।

सुरुका दुई दिन आमन्त्रित वक्ताहरूको प्रस्तुती, त्यसमाथि छलफल र देशको बदलिँदो परिस्थितिसँगै इन्सेकका सम्भावित कार्यक्रमहरूमाथि केन्द्रित रहेको थियो भने तेस्रो दिन छलफलका निष्कर्षहरू र कार्यक्रममा प्रस्तुत सुझावहरूलाई इन्सेकले कसरी आगामी दिनमा आत्मसात गर्ने भन्ने बारेमा रहेको थियो।

कार्यक्रम परिचय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) आफ्नो स्थापना कालदेखि नै मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा विगत १९ वर्षदेखि कार्य गर्दै आइरहेको कुरा सबैमा अवगत नै छ। मानवअधिकार संरक्षण र सम्बर्द्धन गर्ने क्रममा इन्सेकले आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि आर्थिक वर्ष ०६२-०६३ र ०६३-०६४ मा पनि विभिन्न कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गरेको छ।

इन्सेकले खासगरी कार्यक्रम तथा परियोजनाहरूलाई मुख्यत: दुई किसिममा विभाजन गरी सञ्चालन गर्दै आइरहेको छ। तीमध्ये पहिलो, मूलभूत कार्यक्रम (कोर कार्यक्रम) र दोश्रो परियोजनामा आधारित कार्यक्रम।

इन्सेकका मूलभूत कार्यक्रमहरूलाई खासगरी दातृ निकायहरू इक्को/इइडी (Interchurch Organization for Development Cooperation, ICCO / Evangelisher Entwicklungsdienst e.V. EED) र नोराड (Norwegian Agency for Development Cooperation, NORAD) ले सहयोग गरिरहेका छन् भने परियोजनामा आधारित कार्यक्रमहरू मुख्यगरी European Commission, DanidaHUGOU, UNICEF, Save the Children US जस्ता दातृ निकायहरूको सहयोगमा सञ्चालन भइरहेका छन्।

इन्सेकका मूलभूत कार्यक्रमहरूको समयावधि आ. व. ०६१/०६२ देखि आ. व. ०६३/०६४ सम्मको रहेको थियो भने परियोजनामा आधारित कार्यक्रमहरू दातृ निकायको समय सीमामा आधारित रहेका छन्।

त्यसैगरी इन्सेकका आगामी तीन वर्षका ०६४/०६५ देखि ०६६/०६७ सम्म सञ्चालनमा रहेका मूलभूत कार्यक्रमहरूको बारेमा छोटकरीमा प्रस्तुत् गरिएको छ।

इन्सेकद्वारा सम्पन्न मूलभूत कार्यक्रम सञ्चालित क्षेत्रहरू

पुस २०६४

सर्वाधिकार©एिएमइ ईकार्ड, इन्सेक

इन्सेकका सम्पन्न मूलभूत कार्यक्रमहरू

आर्थिक वर्ष ०६२-०६३ र ०६३-०६४ मा सञ्चालित मूल कार्यक्रम, लक्षित वर्ग तथा मुख्य उपलब्धिहरू

१. मानवअधिकार नेतृत्व विकास कार्यक्रम

स्थानीय स्तरमा मानवअधिकारको पक्षमा वकालत गर्नसक्ने, मानवअधिकारको मुद्दालाई उठान गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने मुख्य उद्देश्यकासाथ देशका १० जिल्लाहरू (इलाम, धनकुटा, दोलखा, बारा, रूपन्देही, गुल्मी, रोल्पा, जुम्ला, डोटी तथा डडेल्धुरा) मा यो कार्यक्रम सञ्चालन गरिएको थियो।

लक्षित वर्ग

कार्यक्रम सञ्चालित गाविसका युवा वर्ग, स्थानीय शिक्षकहरू तथा स्थानीय स्तरका अगुवाहरू, दलित, जनजाति, महिला, पिछडिएका वर्ग, सेना, प्रहरी तथा सरकारी कर्मचारीहरू आदि।

मुख्य उपलब्धिहरू

स्थानिय स्तरका मानवअधिकार कार्यकर्ता समाजमा उत्पन्न विवादमा मध्यस्तताकर्ताको भूमिका निर्वाह गर्दै, दोलखा

- स्थानीय स्तरमा मानवअधिकारको मुद्दा उठान गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन भएको छ।
- स्थानीय स्तरमा मानवअधिकारको आधारभूत कुराहरूको बारेमा छलफल हुन थालेको छ।
- लैङ्गिक विभेद, जातीय विभेद, महिला अधिकार तथा बालअधिकारका विषयमा स्थानीयबासीहरू सुसूचित भएका छन्।
- सरोकारवालाहरू मानवअधिकारको बारेमा सचेत भएका छन्।

२. महिला नेतृत्व क्षमता अभिबृद्धि कार्यक्रम

खासगरी जिल्ला, इलाका र गाविस स्तरका, राजनीतिमा लागेका र आगामी दिनमा राजनीतिमा लाग्ने सम्भावना रहेका महिलाहरूको नेतृत्व क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम देशका पाँच जिल्लाहरू (सुनसरी, नुवाकोट, सिन्धुपाल्चोक, गोरखा र कास्की) मा सञ्चालन गरिएको थियो।

लक्षित वर्ग

जिल्ला, इलाका तथा स्थानीय स्तरका विशेष गरेर राजनीतिमा चासो राख्ने र सक्रिय रूपमा राजनीतिमा लागेका महिलाहरू, स्थानीय पुरुषहरू तथा राजनीतिक कार्यकर्ताहरू।

मुख्य उपलब्धिहरू

- कार्यक्रमका लक्षित वर्गहरू, महिला अधिकार तथा मानवअधिकारको विषयमा जानकार भएका छन्।
- स्थानीय स्तरमा महिलाहरूको राजनीतिक, सामाजिक संघसंस्था तथा समूहरूमा सहभागितामा बृद्धि भएको छ।
- स्थानीय स्तरमा महिलाहरूको नेतृत्व क्षमता अभिबृद्धि भएको छ।

इन्सेक सहकर्मी संस्था डायरिङबाट पाँचवटा जती तालिम लिएँ। तालिमबाट मानवअधिकार, महिला अधिकार लगायतका विषयमा जानकार भएँ। गाउँमा महिला विकास समुहको अध्यक्ष भएकी छु। राजनितिमा महिलाहरुको सहभागिताको महत्व बुझेर राजनीतिमा पनि सक्रिय भई एमालेको जिल्ला कमिटीको सदस्य भएकी छु। जिल्ला महिला दबाब समुहको सदस्य, गाविस महासंघको जिल्ला उपाध्यक्ष, श्रीकृष्णरत्न उमाविको निर्वाचित सदस्य भएकी छु। यो सबै इन्सेक सहकर्मी संस्था डायरिङद्वारा आयोजित विभिन्न तालिममा सहभागी भई क्षमता अभिवृद्धी भएकै कारणले हो।

– नन्द कुमारी घले, सिन्धुपाल्चोक

३. कृषिमजदुरको उपयुक्त ज्याला प्राप्तिको अभियान

कृषि क्षेत्रमा काम गर्ने मजदुरहरूको हकअधिकारको विषयमा चेतना जगाउने र उनीहरूको दैनिक पारिश्रमिक उपयुक्त हुनु पर्छ भन्ने विषयमा सचेतना जगाउने मुख्य उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। यो कार्यक्रम कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा सञ्चालन गरिएको थियो ।

लक्षित वर्ग

कृषि क्षेत्रमा काम गर्ने मजदुरहरू तथा उनीहरूको पक्षमा वकालत गर्ने स्थानीय संघसंस्थाहरूका पदाधिकारी तथा स्थानीय सरेकारवालाहरू।

मुख्य उपलब्धिहरू

- कृषिमजदुरहरू आफ्नो हक अधिकारको लागि संगठित हुन थालेका छन्।
- कृषिमजदुरहरू आफ्नो उपयुक्त ज्याला प्राप्त गर्न थालेका छन्।
- आधारभूत मानवअधिकार शिक्षाको बारेमा जानकार भएका छन्।

कृषिमजदुर तथा पूर्व कमैयाहरु आफ्नो हक अधिकारको लागि संगठित भई ऱ्यालीको आयोजना गर्दै, नेपालगञ्ज

४. दलित सशक्तिकरण अभियान

दलितहरूका सवाललाई स्थानीय स्तरदेखि जिल्ला क्षेत्र तथा केन्द्रीय तहसम्म वकालत गर्ने तथा दलितहरूको सवालमा ऐन कानुनहरूमा भएका विभेदलाई औँल्याएर दलितहरूको अधिकारका लागि बहस पैरवी गर्ने मुख्य उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको हो। यो कार्यक्रम झापा, सप्तरी, धनुषा र सर्लाही जिल्लामा सञ्चालन भएको थियो।

लक्षित वर्ग

दलित समुदायका साक्षर वा निरक्षर महिला तथा पुरुषहरूलाई लक्षित गरी यो कार्यक्रम तयार पारिएको हो। स्थानीय समुदायका गैरदलितहरू र दलित अधिकारका विषयमा काम गर्ने सबै सरोकारवालाहरू यस कार्यक्रमका लक्षितमा पनि पर्दछन्।

मुख्य उपलब्धिहरू

- कार्यक्रम सञ्चालित क्षेत्रमा दलित र गैरदलितहरूबीच विभेदमा न्यूनिकरण आएको छ।
- स्थानीय मन्दिरहरूमा दलितहरू स्वतन्त्र रूपमा पूजाआजा गर्न थालेका छन्।
- स्थानीय बासिन्दाहरू दलितका हक अधिकारका लागि सँगसँगै हिड्न र बोल्न थालेका छन्।

सदियौँदेखि जातीय छुवाछूतको मारमा डाँगीबारी गाविस-८ झापाका दलितहरूले अहिले गैरदलित सरह सार्वजनिक स्थानमा प्रवेश पाउन थालेका छन्। स्थानीय साधुकुटी मन्दिरमा गैरदलितले मात्र पवेश गरेर पूजा गर्ने परम्परालाई तोडेर दलितहरूले पनि गैरदलित सरह प्रवेश पाएपछि गाउँमा समेत छुवाछूत प्रथामा कमी आएको छ । वि.सं. १८८० सालमा स्थापित मन्दिरमा एक शताब्दी पछि आएर दलितले गैरदलित सरह पूजा गर्न थालेपछि अन्य गाउँमा पनि सो कुराले राम्रो सन्देश दिएको स्थानीय पत्रकार मिनप्रसाद उप्रेतीले बताए । दलितलाई मन्दिरमा पस्न दिएको डेढ महिनासम्म अनुगमन गर्दा पनि गैरदलित र दलित दुवैले समान रूपमा मन्दिरभित्र पसेर पूजा गर्न पाइरहेका छन् ।

५. बालअधिकार सचेतना अभियान

यो कार्यक्रम विद्यालय जाने बालबालिकाहरूको क्षमता विकास, नेतृव विकास तथा बालअधिकारका आधारभूत सिद्धान्तका विषयमा सचेतन गराउने मूल उद्देश्यले देशका ४३ जिल्लाका २१५ सरकारी विद्यालयहरूमा सञ्चालन भएको थियो। यो कार्यक्रम हरेक जिल्लाका पाँचवटा सरकारी माध्यमिक विद्यालयमा सञ्चालन भएको थियो।

लक्षित वर्ग

सरकारी विद्यालयका छात्रछात्रा, शिक्षक वर्गहरू तथा अविभावकहरू यस कार्यक्रमका लक्षित वर्ग हुन्।

मुख्य उपलब्धिहरू

- विद्यार्थीहरू बालअधिकार विषयमा जानकार भएका छन्।
- बालबालिकामा नेतृत्व क्षमताको अभिबृद्धि भएको छ।
- शिक्षक तथा अविभावकहरू बालअधिकारप्रति सचेत भएका छन्।
- बालबालिकाहरूमा अतिरिक्त क्रियाकलापप्रति आकर्षण बढेको छ।

श्री कृष्णरत्न गंगा उच्च मावि सिन्धुपाल्चोक, चौतारामा बाल अधिकार चेतना समहद्वारा खोलिएको वाचनालयमा अध्ययन गर्दै बालवालिकाहरू

६. मानवअधिकार रक्षा कार्यक्रम

मानवअधिकारको संरक्षण र सम्बर्द्धनका साथै मानवअधिकार उल्लंघनका घटनाका पीडितहरूको पक्षमा कार्य गर्ने, तथ्य संकलन गर्ने र अवस्थाअनुसार पीडितहरूलाई काउन्सिलिङ्ग, पीडकउपर उजुरी गर्ने तथा मानवअधिकारका समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने मूल उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको थियो।

लक्षित वर्ग

मानवअधिकार उल्लंघनका पीडितहरू तथा सरोकारवालाहरू।

मुख्य उपलब्धिहरू

- मानवअधिकार उल्लंघनका घटनाहरू सार्वजनिक भएका छन्।
- मानवअधिकार उल्लंघन पीडितहरूले क्षतिपूर्ति पाएका छन्।
- मानवअधिकार संघ सस्थाहरूमा मानवअधिकार उल्लंघनका घटनाहरूको उजुरीको चाप बढ्न थालेका छन्।
- सरोकारवालाहरू मानवअधिकारको विषयमा संवेदनशील हुन थालेका छन्।

विस्थापितहरूलाई घर फर्कांउन क्रममा विदाई गर्दै इन्सेकका महासचिव कुन्वन अर्याल, सुर्खेत

७. रेडियोबाट मानवअधिकार शिक्षा कार्यक्रम

सबैका लागि मानवअधिकार शिक्षा भन्ने मूल ध्येयकासाथ मानवअधिकार शिक्षा कार्यक्रम सञ्चालन गरिएको हो। यो कार्यक्रमले मानवअधिकारका समसामयिक तथा सिद्धान्तका विषयमा सुगमदेखि दुर्गम ठाउँका बासिन्दाहरूलाई मानवअधिकारका बारेमा जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। यो कार्यक्रम रेडियो नेपालबाट हरेक शनिवार विहान ८:२५ बजेदेखि आधा घण्टा प्रशारण हुँदै आइरहेको छ।



लक्षित वर्ग

अखबार तथा पुस्तक पढ्न समय तथा क्षमता नभएका व्यक्तिहरू यस कार्यक्रमका लक्षित वर्ग हुन्। त्यसैगरी स्थानीय स्तरमा रहेका युवाहरू पनि यस कार्यक्रमका लक्षित वर्ग हुन्।

मुख्य उपलब्धिहरू

- स्थानीय स्तरका युवाहरू मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब गठन गरेर मानवअधिकारको विषयमा छलफल चलाउन थालेका छन्। हालसम्म १ हजार १ सय पचासभन्दा बढी श्रोता क्लबहरू गठन भइसकेका छन्।
- मानवअधिकारका समसामयिक विषयमा सूचना तथा जानकारी चाँडो भन्दा चाँडो प्रशारण भइरहेको छ।
- स्थानीय, जिल्ला क्षेत्र तथा केन्द्र स्तरसम्म युवाहरू संगठित भएका छन् र मानवअधिकारको विषयमा जनचेतना फैलाउने कार्यमा जुटेका छन्।

८. मानवअधिकार वर्षपुस्तक

नेपाल अधिराज्यभरका एक वर्षभित्र भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई संकलन, सम्पादन तथा प्रकाशन गर्ने मुख्य उद्देश्यसहित यो कार्यक्रम सञ्चालन भएको थियो। प्रत्येक जिल्लामा एकजना इन्सेक प्रतिनिधि नियुक्त गरी ती जिल्लाहरूका मानवअधिकार उल्लंघनका घटनाहरू संकलन गरी सम्बन्धित क्षेत्रीय कार्यालयमा सम्प्रेषण गर्दै अर्धवार्षिक तथा वार्षिक सम्पादन कार्यपछि वर्षको अन्त्यमा नेपाल मानवअधिकार वर्षपुस्तक अंग्रेजी वर्षमा आधारित भएर प्रकाशन गरिन्छ। गत वर्षदेखि फागुन ७ गते वर्षपुस्तक विमोचन गरिन थालिएको छ।

लक्षित वर्ग

पीडितपक्ष राज्यका प्रमुख अङ्ग, राज्य संयन्त्रका निकाय, अनुसन्धानकर्ता, सञ्चारकर्मी तथा मानवअधिकार समुदायहरू यस कार्यक्रमका लक्षित वर्ग हुन्।

मुख्य उपलब्धिहरू

- मानवअधिकार उल्लंघनका घटनाहरू संग्रहित भएका छन्।
- ऐतिहासिक दस्ताबेजको रूपमा प्रकाशन भएको छ।
- मानवअधिकारसम्बन्धी तथ्याङ्कका लागि पाठक तथा अनुसन्धानकर्ताहरूले यो पुस्तकलाई सन्दर्भ ग्रन्थको रूपमा उपयोग गर्दै आएका छन्।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा यो पुस्तकको माग तथा प्रयोग बढ्दो रूपमा छ।

९. इन्सेक अनलाइन

मानवअधिकारसँग प्रत्यक्ष सरोकार रहेका विषयहरूलाई चाँडोभन्दा चाँडो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएर मानवअधिकारको हनन हुनबाट जोगाउन तथा पीडित पक्षलाई मद्दत पुगोस् र पीडकलाई कारबाही होस् भन्ने मुख्य उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। त्यसैगरी मानवअधिकारका विषयमा जानकारी राख्न चाहनेहरूका लागि आवश्यक तथ्याङ्क पनि यस अनलाइनमा प्राप्त गर्न सकून् भन्ने हेतुले यो कार्यक्रम सञ्चालन गरिएको हो।

लक्षित वर्ग

स्थानीय पत्रकार, संघसंस्था, अनलाइन प्रयोगकर्ता तथा अन्वेषक र अनुसन्धानकर्ताहरू यस कार्यक्रमका लक्षित वर्गहरू हुन्।

मुख्य उपलब्धिहरू

- मानवअधिकारका उल्लंघनका सूचनाहरू उजागर गर्ने कार्यमा तीब्रता आएको छ।
- अनलाइन हेरेर पीडितका आफन्तहरूले घटनाको बारेमा जानकारी लिइरहेका छन्।
- अन्तर्राष्ट्रिय संघसंस्थाहरूले मानवअधिकार संरक्षणका लागि सरो कारवालाहरूलाई सचेत गराउँदै दबाब दिन थालेका छन्।

इन्सेक अनलाइनमा समाचार प्रकाशित भएपछि, राष्ट्रसंघीय मानवअधिकार आयोगको अनुसन्धान

माओवादीद्वारा श्रमकैदमा राखिएका उर्लाबारी गाविस-२ का १३ वर्षीय रोशन थापाले आत्महत्या गरेको घटना इन्सेक अनलाइनमा प्रकाशित भएपछि सोबारे संयुक्त राष्ट्रसंघको विराटनगरस्थित मानवअधिकार उच्च आयोग कार्यालयले अनुसन्धान सुरु गरेको थियो । सो कार्यालयकी प्रतिनिधि सोनियाको नेतृत्वमा तीन सदस्यीय टोली घटनास्थल पुगि स्थानीय बासिन्दा, नागरिकसमाज, सञ्चारकर्मी, मृतकका परिवारलगायतसँग प्रत्यक्ष भेटी कुरा गरेको थियो।

माओवादीले रोशनसहित आठजनालाई स्थानीय एक बालिका बलात्कार गरेको आरोपमा ०६३ जेठ ८ गते नियन्त्रणमा लिई श्रमकैदमा राखेका थिए । उनले आठजनासँगै नौसय मिटरको बाटो खन्नुगर्ने काम माओवादीले लगाएका थिए । श्रमकैदमा रहेको अवस्थामा नै उनले जेठ १५ गते आफ्नै घरमा आत्महत्या गरे । उनी स्थानीय शारदा निमावि कक्षा-७ मा अध्ययनरत थिए।

इन्सेकद्वारा सञ्चालित चालू तीन वर्षे मूलभूत कार्यक्रमहरु (आर्थिक वर्ष ०६४/०६५ देखि ०६६/०६७ सम्म)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का मूलभूत कार्यक्रमहरूलाई नियमित सहयोग गर्दै आइरहेको दातृ संस्थाहरू इक्को/इइडीको सहयोगमा आगामी तीन वर्षे कार्यक्रम (July 2007-July 2010) अर्थात आर्थिक वर्ष ०६४/०६५ देखि ०६६/०६७ सम्मका लागि सम्झौता भई कार्यान्वयन समेत भइरहेको छ।

क. मानवअधिकार शिक्षा कार्यक्रम

मानवअधिकार शिक्षालाई एउटा अभियानको रूपमा विस्तार गर्नका लागि एकिकृत तथा समष्टीगत रूपका साथै नियमित प्रक्रियाको रूपमा सञ्चालन गरिनु पर्दछ। इन्सेकले विगतमा सञ्चालन गरेका मानवअधिकार शिक्षासम्बन्धी विभिन्न कार्यक्रमले यो कार्यक्रम सञ्चालन गर्ने आधार तयार गरिदिएको हो। अब ग्रामीण तहका जनसमुदायलाई व्यापक रूपमा परिचालन गरेमा मात्रै तिनीहरूको अधिकार तथा न्याय प्राप्तिको अवस्थामा सुनिश्चिताको वातावरण बनाउन सकिन्छ। यही मान्यतालाई आत्मसात गर्दै इन्सेकले यो आर्थिक वर्षदेखि इन्सेक केन्द्रीय कार्यालयमा भएको संरचनागत परिवर्तनसँगै मानवअधिकार शिक्षा विभाग (Human Rights Education Deaprtment) को स्थापना गरको छ। यस विभागको स्थापनासँगै कार्यक्रमको ढाँचामा सोही अनुरूप परिवर्तन गरी मानवअधिकार शिक्षा कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रमको उद्देश्य (Objectives)

- ग्रामीण तहका जनताहरूको मानवअधिकार संचेतनामा अभिबृद्धि गर्ने।

- मानवअधिकारका सवालहरूलाई जिल्ला स्तरीय नीतिगत तहमा प्राथमिकतासाथ उठान गर्ने अवस्थाको सृजना गर्ने।
- मानवअधिकारका सवालहरूमा स्थानीय जनताहरूलाई सुसूचित गराउन ग्रामीण तहमा गठन भएका मानवअधिकार शिक्षा रेडियो श्रोता क्लबका सदस्यहरूलाई क्रियाशील बनाउने।

अपेक्षित उपलब्धिहरू (Outputs)

- ग्रामीण तहका जनताहरू र विद्यालयका बालबालिकाहरूमा मानवअधिकारसम्बन्धी संचेतनामा बृद्धि भएको हुनेछ।
- मानवअधिकार सम्बन्धमा सूचना प्रवाहका लागि विद्युतीय साधनको परिचालन गरिनेछ।
- जिल्लामा क्रियाशील गैरसरकारी संस्था तथा मानवअधिकार कर्मीहरूको भूमिकालाई प्रभावकारी तथा सामूहिक परिचालनका लागि क्षमता अभिबृद्धि भएको हुनेछ।

कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा जिल्लाहरू

१. पूर्वाञ्चल : इलाम र धनकुटा
२. मध्माञ्चल : बारा र दोलखा
३. पश्चिमाञ्चल : रूपन्देही र गोरखा
४. मध्य पश्चिमाञ्चल : प्यूठान र जुम्ला
५. सुदूर पश्चिमाञ्चल : कैलाली र कञ्चनपुर

पाँच विकास क्षेत्रका माथि उल्लिखित १० जिल्लाहरूका साथै मानवअधिकार शिक्षा रेडियो कार्यक्रम, रेडियो नेपाल तथा देशभरका विभिन्न १२ वटा एफ एमबाट प्रसारण गरिने छ।

ख. सहकर्मी संस्था सबलीकरण कार्यक्रम

इन्सेकले हालसम्म सहकर्मी सस्थाहरूसँगको सहकार्यमा स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी सचेतनाको कार्यक्रम सञ्चालन गर्दै

आइरहेको अवस्थामा सहकर्मी संस्थाहरूलाई स्थानीय स्तरमा नै अझ बढी सक्षम र सबल बनाउने सोचका साथ उनीहरूको क्षमता विकास गराउने उद्देश्य रहेको छ।

आगामी तीन वर्षमा सन् २००७-२०१० सम्म तीस जिल्लाका सहकर्मी संस्थाहरूलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिएको हो। जसलेगर्दा इन्सेक सहकर्मी संस्थाहरूको क्षमता विकास तथा संस्थाका प्रतिनिधिहरू मानवअधिकार रक्षाको अभियानमा सक्रिय रूपमा स्थानीय स्तरमा स्थापित हुनेछन्। साथै कार्यक्रममा स्थानीय स्रोत साधनको परिचालन गरिँदा कार्यक्रममा दिगोपना र स्थायित्व रहने छ।

उद्देश्य

१) संस्थागत विकासको लागि सहकर्मी संस्थाहरूको क्षमता अभिबृद्धि गर्ने,

२) मानवअधिकारको लागि सहकर्मी संस्थाहरूमा मानव श्रोतको विकास गर्ने।

अपेक्षित उपलब्धिहरू

१.१) संस्थाका सदस्यहरू प्रभावकारी संस्थागत संरचना निर्माण गर्न र लागू गर्न सक्नेछन्।

१.२) मानवअधिकार अनुगमन कार्यका लागि संस्थागत सहयोग उपलब्ध हुनेछ।

२.१) मानवअधिकार क्षेत्रमा विशेषज्ञता र सहभागितामा बृद्धि हुनेछ।

२.२) मानवअधिकारसम्बन्धी परियोजना निर्माण, योजना, अनुगमन तथा मूल्याङ्कन गर्न कर्मचारीहरूको क्षमता अभिबृद्धि हुनेछ।

ग. मानवअधिकार अभियान कार्यक्रम

यो कार्यक्रमले राज्यलाई अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन र अनुमोदित सम्झौताहरू लागू गर्न उपयुक्त संयन्त्र बनाउन दबाब दिनेछ। यसैगरी देशमा विद्यमान दण्डहीनताप्रति सरोकारवालाहरूको ध्यानाकर्षण गराउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। शान्ति प्रक्रियामा महिलाको सहभागिताको सवाल र प्रतिनिधिसभाको ऐतिहासिक घोषणा कार्यान्वयन गर्न दबाब दिने र देशमा मानवअधिकार रक्षकहरू जोखिममा भएको तथ्यलाई मनन् गर्दै उनीहरूको अधिकारका बारेमा जनचेतना जगाउने क्रियाकलापहरू पनि गरिने छन्। यी सबै कामहरू इन्सेक सदस्य रहेको मानवअधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न सञ्जालहरूका साथै आफ्नै पहलमा पनि सम्पन्न गरिनेछन्।

कार्यक्रमको उद्देश्य

१. राज्यलाई मानवअधिकारका मुख्य मुद्दाहरूका बारेमा ध्यान केन्द्रित गराउने,

२. मानवअधिकार रक्षकहरू र महिलाहरूको शान्ति प्रक्रिया र राज्यको लोकतान्त्रिकरणमा प्रभावकारी भूमिका खेल्न सहयोग गर्ने।

अपेक्षित उपलब्धिहरू

१. राज्यले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/ऐच्छिक सन्धिहरू अनुमोदन गर्न लगाउने।

२. राज्य र राजनीतिक दलहरूको दण्डहीनताका विरुद्ध ध्यान केन्द्रित गर्ने।

३. महिलाहरूलाई शान्ति प्रक्रिया र राज्यको लोकतान्त्रिकरणमा सहभागी गराउने।

४. मानवअधिकार रक्षकविरुद्ध हुने मानवअधिकार उल्लंघनका घटनाहरू कम गराउने।

घ. मानवअधिकार बहस तथा पैरवी कार्यक्रम

यो कार्यक्रम इन्सेकको मानवअधिकार बहस/पैरवी कार्यक्रम अभियानअर्न्तगतको हो। यस कार्यक्रमले राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा सरकारका नीति नियम बनाउन दबाब दिनेछ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुनको आधारमा मानवअधिकारका मुख्य मुद्दाहरूलाई नीतिगतरूपमा सम्बोधन गराउन यस कार्यक्रमले दबाब दिनेछ। देशमा विद्यमान जातीय, लैंगिक विभेद तथा जनजातिप्रतिको बेवास्तापनलाई घटाउने र उनीहरूको हक अधिकारका बारेमा राज्यलाई आवश्यक ध्यान दिन दबाब दिने क्रियाकलापहरू गरिनेछन्। यस कार्यक्रमअर्न्तगत गरिने क्रियाकलापहरू इन्सेक संलग्न मानवअधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न सञ्जालहरू र आफ्नै पहलमा सम्पन्न गरिनेछन्।

कार्यक्रमको उद्देश्य

१. राज्यमा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रावधानहरू र मानववीय कानुनका आधारमा मानवअधिकार रक्षा संयन्त्र बनाउने।

२. राज्यका विभिन्न संयन्त्रहरूद्वारा नागरिकका मानवअधिकारहरू पहिचान गर्ने।

अपेक्षित उपलब्धिहरू

१. राज्यले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान र मानवीय कानुन लागू गराउन आवश्यक कदम चाल्नेछ।

२. राज्यले अन्तर्राष्ट्रिय मानवअधिकारको स्तरका आधारमा मानवअधिकारका मुद्दाहरू सम्बोधन गर्ने नीतिहरू बनाउनेछ।

३. जातीय, लैंगिक तथा जनजातीय आधारमा हुने विभेदहरू घटाउने।

४. सिमान्तकृत समुदायका अधिकारहरू पहिचान गराउने।

ङ. मानवअधिकार उल्लंघन पीडित सहयोग कार्यक्रम

स्थापनाकालदेखि मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि इन्सेकका क्रियाकलापहरू केन्द्रित रहेका छन्। सहयोगको खोजी गर्दै इन्सेकमा आएका पीडितहरूलाई इन्सेकले विगतदेखि नै सहयोग गर्दै आएको छ। यस्तो सहयोग आर्थिक तथा परामर्श पनि हुने गरेको छ। पीडामा जीवन बिताउन बाध्य मानिसहरूले क्षतिपूर्ति पाउन सकेका छैनन्। क्षतिपूर्ति नपाएका पीडितहरूलाई क्षतिपूर्ति दिलाउनु आजको आवश्यकता हो।

कार्यक्रमको लक्ष्य

१. मानवअधिकार उल्लंघनका घटनाका पीडितलाई सहयोग पुऱ्याउनु।

कार्यक्रमका उद्देश्यहरू

२. मानवअधिकार उल्लंघनका घटनाहरूको अभिलेखीकरण तथा प्रसार गर्नु।

३. पीडितहरूलाई राहत उपलब्ध गराउनका लागि पहल गर्नु।

च. इन्सेक अनलाइन कार्यक्रम

अनलाइन कार्यक्रमले हाल विश्वमा तीब्र गतिमा विकसित भइरहेको न्यू मिडियाको अवधारणा अनुरूप इन्टरनेटबाट सूचना प्रचार-प्रसार गर्ने गर्दछ। इन्सेकको मानवअधिकार अभियानका लागि पनि मानवअधिकार उल्लंघन र ज्यादतीका घटनाका सम्बन्धमा इन्सेक अभियानसम्बद्ध कर्मचारी र जिल्ला प्रतिनिधि जानकार रहनुपर्ने हुन्छ। दैनिक रूपमा सूचना संकलन गरी सम्प्रेषण गर्नुपर्ने हुनाले इन्सेक जिल्ला प्रतिनिधि र उनीहरूमार्फत संस्था नै सूचित भइरहन्छ। यसले गर्दा सूचनाको विश्वसनीयता मात्र होइन, तुरुन्तै विश्वसनीय सूचना प्राप्त गर्ने माध्यम पनि इन्सेक नै हुन जान्छ। अनलाइन कार्यक्रम शुरु भएपछि जिल्ला प्रतिनिधिहरूले कुनै घटना

र यसमा आउने नयाँ विकास तुरुन्त नै इन्सेक अनलाइनमार्फत विश्वमा पुऱ्याउन सकेका छन् जसका कारण सुरक्षाकर्मी, अन्तर्राष्ट्रिय संघसंस्था र पत्रकारले पनि घटनाको प्रारम्भिक जानकारी लिन, विभिन्न प्रतिवेदन र अन्य जानकारी लिनका लागि इन्सेक अनलाइन हेर्ने गरेका छन्।

इन्सेकले आफ्नो अनलाइन कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी सूचनाहरू यथाशीघ्र देश विदेश पुऱ्याउँदै आएको सन्दर्भमा अनलाइन कार्यक्रमको निरन्तरताले नेपालको मानवअधिकार क्षेत्रसँग सम्बन्ध राख्ने सबैका लागि इन्सेक अनलाइनका प्रकाशित सामग्रीले नियमित क्रियाकलाप र नीतिगत तहमा समेत ठूलो महत्व राख्छ।

लक्षित समूह अथवा प्रमुख लाभान्वित, अप्रत्यक्ष लाभान्वित, सरोकारवालाहरू

इन्सेकका सबै जिल्ला प्रतिनिधि, सहकर्मी संस्थाहरू, मानवअधिकार-को क्षेत्रमा क्रियाशील राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्था, पत्रकार, विद्यार्थी, अनुसन्धानकर्ता प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित तथा सरोकारवालाहरूमा पर्दछन्।

परियोजनाको क्षेत्र

पाँच विकास क्षेत्रका ७५ जिल्लाहरू

इन्सेकद्वारा चालू मूलभूत कार्यक्रम सञ्चालित क्षेत्रहरू



ग. परियोजनामा आधारित कार्यक्रमहरू

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) ले आफ्नो ध्येय, उद्देश्य र लक्ष्य प्राप्तिका लागि विभिन्न परियोजनाहरू दातृ निकायको सहयोगमा सञ्चालन गर्दै आइरहेको छ। यसरी सञ्चालन गर्दै आइरहेका परियोजनाहरूको मुख्य उद्देश्य भनेको द्वन्द्व रूपान्तरणका लागि जनताहरूको सक्रिय सहभागिता गराउनु, शान्ति प्रक्रियामा जनसहभागिता बढाउनु, आन्तरिक विस्थापितहरूलाई राहत तथा पुनर्स्थापनामा सहयोग गर्नु, द्वन्द्व पीडितहरूका आवाजहरूलाई अभिलेखीकरण गर्दै कानुनी उपचारमा सहयोग पुऱ्याउनु आदि रहेका छन्। त्यस्तै मानवअधिकारका अन्तर्राष्ट्रिय दस्ताबेजहरूको कार्यान्वयन तथा त्यस्ता दस्ताबेजहरूको अनुमोदनका लागि समेत वकालत गर्ने उद्देश्यले परियोजनाहरू सञ्चालित छन्।

आर्थिक वर्ष ०६२/०६३ र ०६३/०६४ को अवधिमा करिव २० वटा परियोजनाहरू सञ्चालन र सम्पन्न भए। यी परियोजनाहरूमा केही छोटो अवधि (Short Term) तथा केही लामो अवधि (Long Term) सञ्चालन भएका थिए। तीमध्ये केही प्रमुख परियोजनाहरू निम्नानुसार रहेका छन्:

सम्पन्न परियोजनाहरू

दातृ निकाय	परियोजनाको नाम	परियोजना समयावधि	परियोजनाको क्षेत्र
एसडिसी	मानवअधिकार उल्लंघनका घटनाहरू पेश गर्न हुरडेकसँग संयुक्त परियोजना	जनवरी २००४ देखि डिसेम्बर २००५	अधिराज्यभर

द एसिया फाउन्डेसन	राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति	१६ मार्च २००७ देखि ३० नोभेम्वर २००७	अधिराज्यभर
सेभ द चिल्ड्रन, यूएस	बालअधिकार संरक्षण कार्यक्रम	१ जुलाइ २००६ देखि ३० जून २००७	भोजपुर, ताप्लेजुङ्ग, खोटाङ्ग, जुम्ला, मुगु र बैतडी (६ जिल्ला)
	हराएका बालबालिकाहरूको खोजी तथा अनुगमन	१५ मे २००६ देखि २३ अगष्ट २००७	कञ्चनपुर, कैलाली, डोटी, सुर्खेत, बाँके, सल्यान, प्युठान, अर्घाखाँची, गुल्मी लमजुङ्ग (१० जिल्ला)
युनिसेफ	केन्द्रीय तथा क्षेत्रीय स्तरमा तथ्यांक भण्डारमा पहुँचको स्थापना	१ जुलाई २००६ देखि ३० जून २००७	२९ जिल्ला
नीड	राजनीतिक पार्टीहरूको प्रजातान्त्रिकरण	१ डिसेम्बर २००६ देखि ३० नोभेम्बर २००७	केन्द्रीय स्तर
ह्यान्डीक्याप इन्टरनेशनल	पीडित लक्षित सर्वसाधारण क्षतिका लागि इन्सेक निरीक्षण पद्धति	१ मार्च २००६ देखि ३० सेप्टेम्बर २००७	अधिराज्यभर
द एसिया फाउन्डेसन	मानवअधिकार कार्यकर्ताका लागि जिल्ला स्तरीय तालिम	१ डिसेम्बर २००६ देखि ३१ अगष्ट २००७	अधिराज्यभर

ओटीआई केमोनिक्स, इन्टरनेशनल	उचित र समन्वित आन्तरिक विस्थापित फिर्ताका लागि वकालत	५ फेब्रवरीदेखि ४ जून २००७	अधिराज्यभर
	वर्तमान मधेशी सवालमा चेतना अभिबृद्धि	५ मार्चदेखि ४ जुलाई २००७	४ जिल्ला सिराहा, सप्तरी, सुनसरी र मोरङ
सीसीओ	शान्ति स्थापना र विकासका लागि अभियान	सेप्टेम्बर २००४ देखि मार्च २००६	डोटी र कञ्चनपुर (२ जिल्ला)
यूएनडिपी	शान्ति र विकास सुरुवात	१५ जुलाई २००५ देखि २८ फेब्रुवरी २००६	१ जिल्ला बांके
ड्यानिडा र ह्यूगो	मानवअधिकार सन्धि अनुगमन	जनवरी २००४ देखि डिसेम्बर २००५	राष्ट्रिय स्तर
	शान्ति स्थापनाका लागि अभियान	जुलाई २००४ देखि जुन २००६	बर्दिया र सुर्खेत (२ जिल्ला)
यूरोपेली संघ	साफरसँग संयुक्त परियोजना कार्यशाला गोष्ठी संचालनका लागि	१४ जुलाईदेखि ३१ डिसेम्बर २००६	राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तर
नोराड	मानवअधिकार वर्षपुस्तक	जनवरी २००४ देखि २००६	अधिराज्यभर
इक्को	इन्सेक अनलाइन	जुलाई २००५ देखि जुन २००७	अधिराज्यभर

इन्सेकद्वारा सम्पन्न परियोजना सञ्चालित क्षेत्रहरू

पुष २०६४
सर्वाधिकार ©पिएमइ ईकाई, इन्सेक

चालू परियोजनाहरू

दातृ निकाय	परियोजनाको नाम	परियोजना समयावधि	परियोजनाको क्षेत्र
डानिडा र ह्यूगो.	मानवअधिकार संघसंस्थाहरूको समूहद्वारा मानवअधिकार सन्धि अनुगमन	१ जुलाई २००६ देखि ३० अप्रिल २००८	राष्ट्रिय स्तर
	शान्ति निर्माण अभियान	१ सेप्टेम्बर २००६ देखि ३० अप्रिल	५ जिल्ला सुर्खेत, दैलेख, बर्दिया, अछाम र डडेल्धुरा
यूरोपेली संघ	द्वन्द्व रूपान्तरणका लागि सामुदायिक सशक्तिकरण कार्यक्रम सीएमपी १ बृहत् परियोजना	जनवरी २००६ देखि डिसेम्बर २००८	६ जिल्ला दाङ, बाँके, बर्दिया, सुर्खेत, प्युठान र जाजरकोट
	द्वन्द्व निवारण तथा शान्ति निर्माण अभियान इआइडिएचआर सूक्ष्म परियोजना	जनवरी २००६ देखि डिसेम्बर २००८	१ जिल्ला दाङ
युनिसेफ	केन्द्रीय तथा क्षेत्रीय स्तरमा तथ्यांक भण्डारण पहुँचको स्थापना	जुलाई २००७ देखि जून २००८	३३ जिल्ला

फेडको पर्सेट, नर्वे	दक्षिण एसियाली आदानप्रदान कार्यक्रम	१ मार्च देखि फेब्रुवरी २००८	अन्तर्राष्ट्रिय स्तर
सेभ द चिल्ड्रन, यूएस	आन्तरिक विस्थापितहरूका लागि पुनर्स्थापना सहयोग	अगष्ट २००७ देखि मे २००८	२४ जिल्ला
	नेपालमा बाल संरक्षण कार्यक्रम	अक्टोबर २००७ देखि मे २००८	३ जिल्ला
यु एन एच सि आर	आन्तरिक विस्थापितहरूको संरक्षण र सहयोग कार्यक्रम	१ नोभेम्वर २००७ देखि ३१ जनवरी २००८	इलाम, पाँचथर, ताप्लेजुङ्ग, धनकुटा, तेह्रथुम, संखुवासभा, उदयपुर, सोलुखुम्बु, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ्ग, म्याग्दी, गुल्मी, अर्घाखाँची र पाल्पा (१९ जिल्ला)
अन्तर्राष्ट्रिय उद्धार केन्द्र	आन्तरिक विस्थापित तथा द्वन्द्व पीडितहरूका लागि एकिकृत सहयोग	१ जुलाई २००७ देखि १५ फेब्रुवरी २००८	जुम्ला, सुर्खेत, दैलेख, जाजरकोट, बर्दिया, मुगु (६ जिल्ला)

इन्सेकद्वारा चालू परियोजना सञ्चालित क्षेत्रहरू

घ. इन्सेकका केही प्रकाशनहरु

निर्देशिका
संविधानसभा
राज्य पुन संरचनाको प्रस्तावना
लोकतान्त्रिक आन्दोलनको
गौरवमय परम्परा
ANNUAL REPORT
2005

शान्ति शिक्षामाला
कानुन शिक्षामाला
बालअधिकार शिक्षा

को होला ऊ ?
वीर सहिदहरु
Janta Andolan-II

ङ. संक्षिप्त आर्थिक विवरण (आ.व. ०६२/०६३ र ०६३/०६४)

Informal Sector Service Centre (INSEC)
Fund Accoutability Statement
INSEC Global Accounts/Funds
16 July 2005 to 16 July 2006 (FY 2062-63)

S.No	Donors/Donorcies	Opening Fund Balance	Fund received during the period	Total Fund during the period	Total Expenditure	Returned to Donor	Balance of Fund	Cash Balance	Bank Balance	Advance Balance (Receivables)	Outstanding Payables	Total Balance of Fund
		1	2	3= (1+2)	4	5	6=(3-(4+5)	7	8	9	10	11=(7+8+9+10)
1	Insec Core & Casual Fund	3,664,611.31	7,180,963.93	10,845,575.24	5,314,200.99	-	5,531,374.25	17,766.84	4,736,743.61	5,891,660.59	(5,114,796.79)	5,531,374.25
A	Total	[illegible]	[illegible]	[illegible]	[illegible]	-	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
2	ICCO/EED (Insec Programme)	419,731.96	46,835,189.61	47,254,921.57	46,975,478.56	-	279,443.01	19,368.25	824,898.73	3,049,393.41	(3,614,217.38)	279,443.01
3	Royal Norwegion Embassy (HR Year Book)	(2,299,092.69)	13,361,711.32	11,062,618.63	13,885,204.49	-	(2,822,585.86)	-	30,205.10	2,271,539.00	(5,124,329.96)	(2,822,585.86)
4	Danida (Peace Building)	126,104.36	7,571,738.72	7,697,843.08	7,689,487.16	-	8,355.92		72,343.66		(63,987.74)	8,355.92
5	Danida - HRTMCC	35,296.76	5,978,329.80	6,013,626.56	4,307,237.23	-	1,706,389.33	8,310.00	1,698,079.33	-	-	1,706,389.33
6	UNICEF - Measles Vaccination Prog.	3,040,594.38		3,040,594.38	1,658,895.38	1,381,699.00	-	-	-	-	-	-
7	UNDP (Peace and Dev. Program)	(126,952.15)	1,617,585.47	1,490,633.32	1,521,972.77	-	(31,339.45)	-	110,612.70		(141,952.15)	(31,339.45)
8	CCO (peace campaign Program)	584,155.52	3,031,979.56	3,616,135.08	3,613,351.72	-	2,783.36	-	114,783.36	-	(112,000.00)	2,783.36
9	SAP - (Basic Operating Guideline)	(235,469.35)	419,000.00	183,530.65	228,391.00	-	(44,860.35)	-	-	-	(44,860.35)	(44,860.35)
10	EC (Independent Media)	351,484.11		351,484.11	278,522.60	-	72,961.51	-	23,425.61	78,840.50	(29,304.60)	72,961.51
11	EC(Conflict Mitigation Program)	-	28,272,222.20	28,272,222.20	14,304,496.54	-	13,967,725.66	-	8,352,766.61	5,622,383.71	(7,424.66)	13,967,725.66
12	EC (Conflict Mediation Program)	-	3,101,235.20	3,101,235.20	441,043.00	-	2,660,192.20	-	2,660,192.20	-	-	2,660,192.20
13	Save the Children US - Ujyalo Program	-	174,200.00	174,200.00	173,760.48	-	439.52	-	439.52	-	-	439.52
14	UNICEF - Data Bank	-	3,047,713.31	3,047,713.31	3,047,713.31	-	-	-		-	-	-
15	ICCO - (Insec Online)	-	6,529,212.96	6,529,212.96	2,598,869.46	-	3,930,343.50	-	260,252.96	3,765,784.54	(95,694.00)	3,930,343.50
16	Action Aid (IDPs)	-	1,134,901.86	1,134,901.86	820,360.00	-	314,541.86	266,808.81	47,620.05	113.00	-	314,541.86
	Total Donors Nrs. (2 to 16)	1,895,852.90	121,075,020.01	122,970,872.91	101,544,783.70	1,381,699.00	20,044,390.21	294,487.86	14,195,619.83	14,788,854.16	(9,233,770.84)	20,044,390.21
	Grand Total Nrs.	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]

as per our Report of Even Date

Prem Pangeni
Chief Admin./Finance

Binay Raj Gautam
Director

Sujita Shakya
Treasurer

Subodh Raj Pyakurel
Chairperson

M. GURAGAIN & ASSOCIATES Kathmandu Chartered Accountants

Mahesh Kr. Guragain, FCA
Chartered Accountant
for M. Guragain & Associates

Informal Sector Service Centre (INSEC)
Fund Accoutability Statement
INSEC Global Accounts/Funds for Finance Year 2063/64
for the period of 17 July 2006 to 16 July 2007 (32 Ashad 2064)

S.N.	Donors/Sources	Particulars						Balance of funds represent by:				
		Opening Fund Balance	Fund received during the period	Total Fund during the period	Total Expenditure	Refund to Donors	Balance of Fund	Cash Balance	Bank Balance	Advance (Balance Receivable)	Outstanding Payables	Total Balance of Fund
		1	2	3= (1+2)	4	5	6=(3-(4+5)	7	8	9	10	11=(7+8+9+10)
1	Insec Core & Casual Fund	5,531,374.25	13,408,144.66	18,939,518.91	8,935,900.21		10,003,618.70	28,098.88	8,738,540.41	4,022,057.29	(2,785,077.88)	10,003,618.70
A	Total	5,531,374.25	13,408,144.66	18,939,518.91	8,935,900.21	-	10,003,618.70	28,098.88	8,738,540.41	4,022,057.29	(2,785,077.88)	10,003,618.70
2	ICCO/EED - Insec Programme 2004-07	279,443.01	42,431,748.53	42,711,191.54	42,658,886.38		52,305.16	-	52,305.16	-	-	52,305.16
3	NORAD- Human Rights Year Book	(2,822,585.86)	25,817,132.05	22,994,546.19	21,241,601.87		1,752,944.32	-	1,752,944.32	-	-	1,752,944.32
4	Danida (Peace Building)	8,355.92	9,228,097.40	9,236,453.32	8,962,113.51		274,339.81	4,949.00	142,376.74	134,255.74	(7,241.67)	274,339.81
5	Danida - HRTMCC	1,706,389.33	3,111,048.05	4,817,437.38	3,003,584.79	661,179.33	1,152,673.26	4,636.50	1,150,936.76	4.00	(2,904.00)	1,152,673.26
6	EC(Conflict Mitigation Program)	13,967,725.66	28,428,806.60	42,396,532.26	36,553,029.97		5,843,502.29	-	7,325,814.61	-	(1,482,312.32)	5,843,502.29
7	EC (Conflict Mediation Program)	2,660,192.20	148,364.00	2,808,556.20	2,547,624.39		260,931.81	-	(72,381.89)	389,140.50	(55,826.80)	260,931.81
8	Save the Children US - Ujyalo Program (Data upto Aug 07)	439.52	1,329,711.41	1,330,150.93	1,355,702.81		(25,551.88)	-	18,202.11	8,522.68	(52,276.67)	(25,551.88)
9	Save the Children US - Child Rights Protection Program	-	806,708.54	806,708.54	760,037.22		46,671.32	4,598.63	42,072.69	-	-	46,671.32
10	UNICEF - Data Bank	-	3,280,500.00	3,280,500.00	3,158,122.27	122,377.73	-	-	-	-	-	-
11	ICCO - (Insec Online)	3,930,343.50	4,729,123.56	8,659,467.06	4,946,485.89		3,712,981.17		2,958,806.83	754,174.34	-	3,712,981.17
12	TAF- Human Rights School Program	-	2,465,145.32	2,465,145.32	1,959,944.19		505,201.13		505,201.13		-	505,201.13
13	NED- Democratization of Political Partices in Nepal	-	1,070,260.00	1,070,260.00	739,980.52		330,279.48		235,279.48	95,000.00	-	330,279.48
14	FK, Norway - Staff Exchange Programme	-	8,286,922.10	8,286,922.10	441,858.07		7,845,064.03	-	4,865,286.30	2,980,267.35	(489.62)	7,845,064.03
15	Others: UNDP, CCO, SAP, BC-Indpendent Media (from FY 2005-06)	(454.93)	76,199.80	75,744.87	72,961.51	2,783.36	-	-	-	-	-	-
16	Programme implemented by Regional Offices with OTI, DFID, Action Aid	314,541.86	1,600,536.50	1,915,078.36	2,319,060.36		(403,982.00)	10,012.69	150,137.31	-	(564,132.00)	(403,982.00)
	Total Donors Nrs. (2 to 16)	20,044,390.21	132,818,303.86	152,854,694.07	130,720,993.75	786,360.42	21,347,359.90	24,196.82	19,126,981.54	4,361,364.61	(2,165,183.08)	21,347,359.90

Prem Parajuli
Chief Admin/Finance

Bijaya Raj Adhikari
Director

Date: 20 November 2007/ 2064 Marga 4.

Sajita Shakya
Treasurer

Kanak Dixit
Chairperson

as per our Report of Even Date

Mahesh Kr. Gurungain, FCA
Chartered Accountant
for M. Gurungain & Associates

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौं

फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१

इमेल: insec@insec.org.np वेबसाइट: www.inseconline.org